# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# जनशक्ति व्यवस्थापन विभागको
# सूचना

यस बैंकमा प्रशासन सेवातर्फ रिक्त रहेको अधिकृत तृतीय पद स्थायी रुपमा पूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकले यस बैंकको दरखास्त फाराममा (दरखास्त फाराम यस बैंकबाट रु. १००।- तिरी प्राप्त गर्न सकिनेछ) भएको विवरण उल्लेख गरी आफूले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको सम्पूर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र हालै खिचिएको पासपोर्ट साइजको ४ (चार) प्रति फोटो संलग्न गरी यस बैकको केन्द्रीय कार्यालय जनशक्ति व्यवस्थापन विभाग वालुवाटारमा २०६५ साल फाल्गुण ४ गतेका दिन भित्र दरखास्त पेश गर्न आव्हान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ । म्याद भित्र दाखिला नभएको र रित नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन ।

नेपाल सरकारको सेवा र नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले दरखास्तसाथ विभागीय स्वीकृति अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । माथि उल्लिखित कार्यको लागि काठमाण्डौमा आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार आफैले व्यहोर्नु पर्नेछ ।

१. (क) **पद** :- अधिकृत तृतीय (प्रशासन सेवा)

(ख) **आवश्यक पद संख्या** :- १५ (पन्ध्र)

| | |
|---|---|
| खुल्ला प्रतियोगितातर्फ | ८ |
| समावेशी समूहतर्फ | |
| महिला | २ |
| आदिवासी/जनजाति | २ |
| मधेशी | २ |
| दलित | १ |

(ग) **आवश्यक न्यूनतम शैक्षिक योग्यता** :- त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

२. (क) <u>पद</u> :- अधिकृत तृतीय (प्रशासन सेवा)

(ख) <u>आवश्यक पद संख्या</u> :- ५ (पाँच)

| | |
|---|---|
| खुल्ला प्रतियोगिता | ३ |
| समावेशी समूहतर्फ | |
| महिला | १ |
| आदिवासी/जनजाति | १ |

(ग) <u>आवश्यक न्यूनतम शैक्षिक योग्यता</u> :- त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर सरहको CA/ACCA/CPA परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

३. (क) <u>पद</u> :- अधिकृत तृतीय (प्रशासन सेवा)

(ख) <u>आवश्यक पदसंख्या</u> :- १ (एक)

(ग) <u>आवश्यक न्यूनतम शैक्षिक योग्यता</u> :- त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट वाणिज्य कानूनमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

४. (क) <u>पद</u> :- अधिकृत तृतीय (प्रशासन सेवा)

(ख) <u>आवश्यक पदसंख्या</u> :- १ (एक)

(ग) <u>आवश्यक न्यूनतम शैक्षिक योग्यता</u> :- त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय कानूनमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

५. <u>दरखास्तको आधार</u> :- समावेशी समूहको लागि छुट्टयाइएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो सूचीको आधारमा,

तर, नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

६. **तलव स्केल** :- रु.१२३५०।- – ६१७५० – २०३७७५० तथा बैंकको नियमानुसार अन्य सुविधाहरु ।

७. **उम्मेदवारको उमेर** :- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

८. **उमेरको हद** :- यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

९. **उम्मेदवारको छनौट विधि** :- पूर्व योग्यता, लिखित र अन्तर्वार्ता परीक्षाको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ । तर समावेशी समूहतर्फ छुट्टयाइएको पदको लागि पूर्व योग्यता परीक्षा दिन नपर्ने ।

१०. **परीक्षणकाल अवधि** :- महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

११. **निबृत्तभरण पाउने वा नपाउने** :- निबृत्तभरण पाउने ।

१२. **दरखास्त दस्तुर** :- खुला प्रतियोगिताको लागि दरखास्तसाथ रु.५००।- (रु.पाँच सय) बुझाउनु पर्नेछ । खुला प्रतियोगिताको लागि दरखास्त दिने उम्मेदवार समावेशी समूहमा सम्मिलित हुने भए प्रत्येक समूहको लागि रु १००।- का दरले थप दस्तुर बुझाउनु पर्नेछ । तर खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले रु ५००।- र एक भन्दा बढी समूहमा सम्मिलित हुन चाहनेले प्रत्येक समूहको लागि रु.१००।- (रु.एक सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । माथि उल्लिखित दस्तुर यस बैकको बैकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्शान आम्दानी फुटकर हिसाबमा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनु पर्ने छ ।

१३. **समकक्षता निर्धारण प्रमाणपत्र** :- उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१४. **सम्पर्क मिति र स्थान** :- २०६५ साल चैत्र ११ गते मंगलवारका दिन अपरान्ह ४.०० बजे नेपाल राष्ट्र बैक केन्द्रीय कार्यालय वालुवाटारमा ।

१५. **परीक्षा हुने मिति र स्थान** :- सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।
परीक्षाको पाठ्यक्रमहरु नेपाल राष्ट्र बैंकको **website: www.nrb.org.np** मा **careers@NRB** अन्तर्गत राखिएको छ ।

मितिः-२०६५/९/२५

**नेपाल राष्ट्र बैंकको तर्फबाट,**

**कार्यकारी निर्देशक**